पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ६० प्रमाणित मिति: २०७७ माघ २४ गते

## भाग १

## सहकारी ऐन, २०७५ (पहिलो संशोधन)

## सहकारी ऐन २०७५ (पहिलो संशोधन)

| सि.नं. | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप प्रावधान | संशोधन तथा थप गर्नुपर्ने कारण |
|---|---|---|---|---|
| १ | दफा (२) | | (ल) "रजिष्ट्रार" भन्नाले संघीय सरकारको रजिष्ट्रार सम्झनु पर्दछ।<br>(व) "विभाग" भन्नाले संघीय सरकारको सहकारी विभाग सम्झनु पर्दछ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको मह(ाशाखा समेतलाई सम्झनु पर्दछ।<br>(श) "संघीय कानून" भन्नाले संघीय सरकारले जारी गरेका सहकारी ऐन र नियमावलीलाई सम्झनु पर्दछ।<br>(ष) "प्रदेश कानून" भन्नाले गण्डकी प्रदेशको सहकारी ऐन तथा नियमावलीलाई सम्झनु पर्दछ।<br>(स) "पदाधिकारी" भन्न(ाले सहकारी संघ-संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष लाई सम्झनु पर्दछ। | समयानुकुल आवश्यक |
| २ | दफा (३) | (१) विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न कम्तीमा एकतीस जना नेपाली नागरिक सदस्य हुनु पर्नेछ। | (१) विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न कम्तीमा तीस जना नेपाली नागरिक सदस्य हुनु पर्नेछ। | भाषिक शुद्धता |
| ३ | दफा (३) | (३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा | (३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार स्थानिय तह वा त्यस्ता सरकार वा तहको | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | स्वामित्वमा सञ्चालित विद्या(लय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय एक जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् । | अनुदान वा स्वामित्वमा सञ्चालित विद्यालय, विश्वा(वद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय एक जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संञ्चालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।<br>तर एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तिमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् । | |
| ४ | दफा (११) | ११. विषयगत आधारमा वर्गीकरण : सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ | ११) विषयगत आधारमा वर्गीकरण : (१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछ | भाषिक शुद्धता |
| ५ | दफा (११) | (ग) श्रमिक संस्था : श्रम र सीपमा श्रमिकहरुको स्वामित(वमा स्थापना भएको सहक(ारी संस्थालाई श्रमिक संस्था मानिनेछ । | (ग) श्रमिक संस्था: हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजन(ालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| ६ | दफा (११) | | च) उपभोक्ता संस्थाः उपभोक्ता भण्डार, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था । | समयानुकुल आवश्यक |
| ७ | दफा (११) | | (२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (च) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ । | समयानुकुल आवश्यक |
| ८ | दफा (११) | | (३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्ने छैन । | समयानुकुल आवश्यक |
| ९ | दफा (१२) | | (५) उपदफा (२) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ । | समयानुकुल आवश्यक |
| १० | दफा (१८) | १८. विनियम संशोधन :<br>(१) संस्थाको साधारण सभाको कूल सदस्य संख्याको बहुमतबाट विनियम संशोधन हुन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम | १८) विनियम र आन्तरिक कार्यविधिमा संशोधन : (१) संस्थाको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | संशोधन भएको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ । | (२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम दर्ता गर्ने अधिकारीबाट स्विकृत भएपछि लागु हुनेछ । | |
| ११ | दफा (११) | (१) (झ) संस्थाको कार्य क्षे त्रभित्र बसोवास गरिरहेको । | (१) (झ) महानगरपालिका क्षेत्रमा बसोबास गरेको वा सम्बन्धित स्थानीय तहका सरकारी वा संगठीत संस्थामा कार्यरत कर्मचार िहरु । | भाषिक शुद्धता |
| १२ | दफा (२९) | (८) सञ्चालक समितिको कार्यकाल ३ वर्षको हुनेछ । | (८) सञ्चालक समितिको कार्यकाल ४ वर्षको हुनेछ । | समयानुकुल आवश्यक |
| १३ | दफा (३०) | (१) समितिले आफ्नो कार्यकाल समाप्त हुनुभन्दा अगावै अको ि समितिको निर्वाचन गराउनु पर्नेछ । | (१) समितिले आफ्नो कार्यकाल समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ । | भाषिक शुद्धता |
| १४ | दफा (३७) | क) कम्तिमा त्रैमासिक बैठक बसी संस्थाको आन्तरिक ले खापरीक्षण गर्ने / गराउने, | क) प्रत्येक त्रैमासिक बैठक बसी संस्थाको आन्तरिक ले खापरीक्षण गर्ने / गराउने, | भाषिक शुद्धता |
| १५ | दफा (३८) | (६) (ङ) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरे को तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन तर संस्थामा अधिक तर लता भएमा सदस्यता प्राप्त गरेको मितिले एक महिनापछि ऋण लगानी गर्न बाधा हुने छै न । | (६) (ङ) संस्थाले दर्ता गद( िका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन । | भाषिक शुद्धता |
| १६ | दफा (३९) | (१) सहकारी समितिले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ । | (१) संघीय कानूनको परिधी भित्र रही, महानगरको ऐन अनुसार सहकारी समितिले | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | | बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ । | |
| १७ | दफा (४१) | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको दश प्रतिश( तभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन । | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिश( तभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन । | भाषिक शुद्धता |
| १८ | दफा (४५) | (२) उपदफा (१) को खण्ड (ङ) बमोजिम प्राप्त हुने अनुदान वा सहायता प्राप्त गरेकोमा प्राप्त भएको मितिले तीन दिन भित्र दर्ता गर्ने अधिकारी लाई लिखित सूचना गरि अनुमोदन गराउनु पर्ने छ । | (२) उपदफा (१) को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि महानगरपालिका र संघीय सरकारको सम्बा( न्धत मन्त्रालयको स्वीकृत लिनुपर्नेछ । | भाषिक शुद्धता |
| १९ | दफा (४८) | (२) उपदफा (१) बमोजिमको कोषको उपयोग महानगर पालिकाले तोके बमोजिम हुनेछ । | (२) उपदफा (१) बमोजिमको कोषको उपयोग कानून्मा व्यवस्था भए बमोजिम हुनेछ । | भाषिक शुद्धता |
| २० | दफा (५८) | ५८) कालो सूची सम्बन्धी व्य( वस्था :<br>संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था यस | ५८) कालो सूची सम्बन्धी व्यवस्था : (१) संस्थाबाट ऋण लिई रकमको अप( चलन र्ने वा भाखाभित्र ऋणको सावाँ व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालोसूची प्रक( ाशन गर्न सकिनेछ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | ऐन बमोजिम हुनेछ । लघुवित्तको हकमा तोकिएको शिर्षक भन्दा अर्को शिर्षकमा खर्च गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ । | (२)कालोसूची प्रकाशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | |
| २१ | दफा (५९) | ५९) कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था: कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था यस तोकिए बमोजिम हुनेछ । | ५९) कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था: (१) कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानूनमा तोकीए बमोजिम हुने । | भाषिक शुद्धता |
| २२ | दफा (६४) | (२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा एकिकरणको हकमा सम्बन्धित संस्थाको कूल कायम रहेका सदस्य संख्याको बहुमतबाट र विभाजन गर्दा दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ । | (२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतबाट निर्णय हुनु पर्नेछ । | भाषिक शुद्धता |
| २३ | दफा (६४) | | (५) एकीकरण वा विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | समयानुकुल आवश्यक |
| २४ | दफा (६५) | (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछ । | (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछ । | भाषिक शुद्धता |
| २५ | दफा (६६) | | (३) यस ऐन बमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्वीडेटरको काम,कर्तव्य,अधिकार र पारिश्रमिक तथालिक्विडेसन | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धी अन्य व्यवस्था तो किए बमोजिम हुनेछ । (४) दफा ६६ को उपदफा (१) बमोजिम लिक्वीडेटर नियुक्त भएमा लिक्वीडेशनको सम्पूर्ण खर्च महा( नगरपालिकाले व्यहोर्नेछ । | |
| २६ | दफा (६९) | ६९) दर्ता गर्ने अधिकारीः यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू पोखरा महानगरपालिका नगर पालिकाले तोकेको अधिकारीले गर्नेछ । | ६९) दर्ता गर्ने अधिकारीः (१) यस ऐन अन्तर्गत दर्ता गने ‌ अधिकारले गर्नुपर्ने कार्यशरु पोखरा महानगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । (२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आप( ूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | भाषिक शुद्धता |
| २७ | दफा (७१) | ७१) अधिकार प्रत्यायोजन : ऐन बमोजिम दर्ता गर्ने अधिकारीलाई आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | | खारेजी |
| २८ | दफा (७३) | (१) कुनै संस्थाको व्यवस( ायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनि त्यस्तो संस्थाको कम्तीमा बीस प्रतिशत सदस्यले | (१) कुनै संस्थाको व्यवस( ायिक कारोबार सन्तोष( जनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ । | पाँच प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ । | |
| २९ | दफा (७४) | | (४) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी अन्य व्यवस्था तो किए बमोजिम हुनेछ । | समयानुकुल आवश्यक |
| ३० | दफा (७५) | | (७५) (क) सहकारी बचत तथा कर्जा सुरक्षण को षः (१) महानगरपालिकाले संस्थाहरुको सहभागितामा संस्थाहरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जाको सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्न सक्नेछ ।<br>(२) सहकारी बचत तथा कर्जा सुरक्षण कोष सञ्चालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | समयानुकुल आवश्यक |
| ३१ | दफा (७६) | ७६) आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः संस्थाले संघीय कानूनमा व्य( वस्था भए बमोजिम आफ्ना सदस्यहरुको बालीनाली वा वस्तु भाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संञ्चालन गर्न सक्नेछ । | ७६) आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः (१) संस्थाले बीमा समि( तिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यहरुको बालीनाली वा वस्तुभाउ वा वचत तथा ऋण कारोबारको जस्ता यो जनामा उल्लिखित कारणले भएको क्षतिको निश्चित अंशपूर्ति गर्ने गरी निर्धारित | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | | अधिकतम सीमा र शुल्क सम्मको आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम आपसी सुरक्षण सेवा सञ्चालन गर्न संस्थाको न्यूनतम मापदण्ड र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | |
| ३२ | दफा (७७) | ७७) स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः बचत तथा ऋणको विषयगत संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानूनमा व्यवस्थाभए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् । | ७७) स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः (१) बचत तथा ऋण एवं विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरु मिली एक स्थिरीकरण कोष खडा गर्न सक्नेछन् ।<br>(२) स्थिरीकरण कोष सम्बन्धी व्यवस्था संघीय कानूनमा तोकीए अनुसार हुनेछ । | भाषिक शुद्धता |
| ३३ | दफा (७८) | (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा सहकारी समितिले त्यस्तो सहकारीलाई समस्याग्रस्त सहकारीको रुपमा घोषणा गर्न कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ । यसरी सिफारिसपछि कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछ । | १) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा त्यस्तो सहकारीलाई दर्ता गर्ने अधिकारीले सहकारी समिति मार्फत समस्याग्रस्त सहकारीको रुपमा घोषणा गर्न कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ । यसरी सिफारिस पछि कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछ । | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| ३४ | दफा (७८) | (च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिक(ारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) दे खि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको । | (च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा पच्चीस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानि(वन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको । | भाषिक शुद्धता |
| ३५ | दफा (७९) | | (४) व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(५) व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ । | समयानुकुल आवश्यक |
| ३६ | दफा (८१) | (१) कसैले दफा ८० को कसूर गरेमा संघीय कानुन बमोजिम हुने सजायमा देहाय बमोजिम थप हुनेछ :<br>(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक लाख रुपैँयासम्म जरिवाना,<br>(ख) खण्ड (ठ) को कसूरमा दुई लाख रुपैँयासम्म जरिवाना ।<br>(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी खण्ड (ख) बमोजिम थप जरिवाना ।<br>(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ढ), (ण) | (१) कसैले दफा ८० बमोजिम कसुर गरेमा देहाय बमोजिम सजाय हुनेछ ।<br>(क) खण्ड (क),)ग),(ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैँयासम्म जरिवाना,<br>(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैँयासम्म जरिवाना,<br>(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद , (घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ) | समयानुकुल आवश्यक |

| | | | | |
|---|---|---|---|---|
| | | (त) को कसूरमा बिगो भराई बिगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको थप जरिवाना हुनेछ ।<br>(१) दश लाख रुपैयाँसम्म बिगो भए २५% रकम ।<br>(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए ४०% रकम ।<br>(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए ५०% रकम ।<br>(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए ६०% रकम ।<br>(५) दश करोड रुपैंयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए ७०% रकम।<br>(६) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए पनि ८०% रकम ।<br>(७) खण्ड (ढ) को कसूरमा विगो बराबरको रकम । | (ट), (ण) र ९त० को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :<br>(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,<br>(२) दश लाख रुपैयाँ भन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,<br>(३) पचास लाख रुपैयाँ भन्दा बढी एक करोड रुपैयाँ सम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,<br>(४) एक करोड रुपैयाँ भन्दा बढी दश करोड रुपैया सम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,<br>(५) दश करोड रुपैंयाँ भन्दा बढी एक अर्ब रुपैयाँ सम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,<br>(६) एक अर्ब रुपैयाँ भन्दा बढी जतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,<br>(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद । | |
| ३७ | दफा (८९) | १) दफा ८ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६५ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुभ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर महानगर कार्यपालिका समक्ष | (१) दफा ८ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ६५ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुभ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गने ‘ अधिकार प्राप्त अधिकारीको | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| | | पुनरावेदन गर्न सक्नेछ। त्यस्तो निर्णय अन्तिम हुनेछ। | निर्णय उपर चित्त नवुझेमा दर्ता गर्ने अधिकारी (प्रमुख प्रशासकीय अधिकृत) समक्ष र प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नवुझेमा महानगर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ । त्यस्तो निर्णय अन्तिम हुनेछ। | |
| ३८ | दफा (८९) | | (२) पुनरावेदन सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ। | समयानुकुल आवश्यक |
| ३९ | दफा (९१) | (२) यस ऐन बमोजिमका गठन भएका संस्थाहरुले सहकारी हित र सिद्धान्तका आधारमा कानूनमा तोकिए बमोजिम महानगरपालिका स्तरीय सहकारी संघ र व्यवसायको सञ्चालनको लागि विशिष्टीकृत संघ बनाउन सक्नेछन् । | (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघको हकमा साधारण सभामा भाग लिने प्रयोजनका लागि तोकिए बमोजिम एक भन्दा बढी प्रतिनिधि पठाउन सकिनेछ र प्रतिनिधि पठाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ। | भाषिक शुद्धता |
| ४० | दफा (९१) | | (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक संस्था वा संघबाट सम्बन्धित संघको समिति वा लेखा सुपरिवेक्षण समितिमा एकभन्दा बढी व्यक्ति निर्वाचित हुन सक्ने छैन। | |
| ४१ | | | दफा ( ९८ )<br>९८) कर सम्बन्धी व्यवस्थाः यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पोखरा महानगरपालिका क्षेत्रभित्र सञ्चालित वित्तिय | |

| | | | | |
|---|---|---|---|---|
| | | | कारोबार गर्ने संस्थाहरुलाई आर्थिक ऐन वमोजिम कर लाग्नेछ । | |
| ४२ | | | दफा ( ९९ )<br>९९) विवाद समाधानः संस्थाका बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद निरुपणका लागि तोकिए बमोजिम विवाद निरुपण समितिको गठन गर्न सकिनेछ । | |
| ४३ | | | दफा ( १०० )<br>१००) प्रोत्साहन गर्न सकिने : सहकारी क्षेत्रको प्रवर्द्धनका लागि उल्लेखनीय योगदान गर्ने व्यक्ति, सहकारी संस्था वा अन्य निकायलाई तोकिए बमोजिम प्रोत्साहन गर्न सकिनेछ । | |
| ४४ | दफा(९८) | ९८. सरकारी बाँकी सरह असूल उपर हुने | दफा ( १०१ )<br>१०१) सरकारी बाँकी सरह असूल उपर हुने | भाषिक शुद्धता |
| ४५ | दफा (९९) | ९९. कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने : यस ऐन अन्तर्गत दर्ता भएको संस्था कम्पनी ऐन बमोजिम पनि दर्ता भएको भए प्रचलित कम्( पनी ऐन बमोजिम पालना गर्नु पर्नेछ । | दफा ( १०२ )<br>१०२) कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने : यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्( पनी सम्बन्धी प्रचलित ऐन लागु हुने छैन । | भाषिक शुद्धता |
| ४६ | दफा (१००) | १००. प्रचलित कानून बमो जिम कारवाही गर्न बाधा नपर्ने | दफा ( १०३ )<br>१०३) प्रचलित कानून बमो जिम कारवाही गर्न बाधा नपर्ने | भाषिक शुद्धता |

| | | | | |
|---|---|---|---|---|
| ४७ | दफा (१०१) | १०१. सम्पत्ति शुद्धिकरण नि( वारण सम्बन्धी कानूनी व्य( वस्थाको पालना गर्नुपर्ने | दफा ( १०४ ) १०४) सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नुपर्ने | भाषिक शुद्धता |
| ४८ | दफा (१०२) | १०२. नियमावली बनाउने अ( धिकार | दफा ( १०५ ) १०५) नियमावली बनाउने अधिकार | भाषिक शुद्धता |
| ४९ | दफा (१०३) | १०३. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्न | दफा ( १०६ ) १०६) मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्न | भाषिक शुद्धता |
| ५० | दफा (१०४) | १०४. ऐन लागू हुने | दफा ( १०७ ) १०७) ऐन लागू हुने | भाषिक शुद्धता |
| ५१ | दफा (१०५) | १०५. खारेजी र बचाउ | दफा ( १०८ ) १०८) खारेजी र बचाउ | भाषिक शुद्धता |

**मिति : २०७७ फागुन ६ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**